# मरिया- योद्धाका तेसेरा

## प्रारम्भिक प्रार्थना

पिता, अनि पुत्र अनि पवित्र आत्माको नाममा। आमेन।

आउनुहोस, हे पवित्र आत्मा, तपाईंका विश्वासीहरुका हृदयलाई प्रेमले ज्वलन्त पारिदिनुहोस्।

अ: हे प्रभु तपाईंको आत्मा पठाइदिनुहोस् र उनीहरु नवीन बन्नेछन्।

**सबै**: अनि विश्वको रुप नै तपाईंले पुनः निर्माण गरिदिनुहुनेछ।

## हामी बिन्ती गरौं

हे परमेश्वर, हाम्रा पिता, तपाईंको आत्माको आशिष-वरदान विश्वमा वर्षाइदिनुहोस्। सुसमाचार सुनाउन– सिकाउन तपाईंले पवित्र आत्मा पठाउनुभयो। तिनै आत्माले तपाईंका विश्वासीहरुका हृदयद्वारा सो कामलाई अबदेखि निरन्तरता दिऊन् ख्रीष्ट हाम्रा प्रभुद्वारा। आमेन।

# हामी विन्ती गरौं

हे परमेश्वर, तपाईंका पुत्रले आफ्नो जीवन, मरण र पुनरुत्थानद्वारा हामीलाई अनन्त जीवनको निम्ति निखन्नुभयो । हाम्रो नम्र निवेदन छ, धन्य कन्या मरियाको जप–माला बिन्तिद्वारा यी रहस्यहरुमा मनन् गर्दै, ती सार-सत्यलाई हृदयगंम गरी तिनीहरुमा व्यक्त गरिएका प्रतिज्ञाका फल प्राप्त गर्न सकौं, खीष्त हाम्रा प्रभुद्वारा । आमेन ।

अः ईशुको अति पवित्र हृदय

**सबैः** हामीलाई दया गर्नुहोस् ।

अः मरियाको निष्कलंक हृदय

**सबैः** हाम्रो लागि विन्ती गर्नुहोस् ।

अः सन्त जोसेफ

**सबैः** हाम्रो लागि विन्ती गर्नुहोस् ।

अः सन्त जोहन धर्म प्रचारक

**सबैः** हाम्रो लागि विन्ती गर्नुहोस् ।

अः सन्त लुइस मारी दे मन्ट्फोर्ट

**सबैः** हाम्रो लागि विन्ती गर्नुहोस् ।

पिता, पुत्र अनि पवित्र आत्मा........

# हामी विन्ती गरौं

हे परमेश्वर, तपाईंका पुत्रले आफ्नो जीवन, मरण र पुनरुत्थानद्वारा हामीलाई अनन्त जीवनको निम्ति निखन्नुभयो । हाम्रो नम्र निवेदन छ, धन्य कन्या मरियाको जप–माला बिन्तिद्वारा यी रहस्यहरुमा मनन् गर्दै, ती सार-सत्यलाई हृदयगंम गरी तिनीहरुमा व्यक्त गरिएका प्रतिज्ञाका फल प्राप्त गर्न सकौं, ख्रीष्ट हाम्रा प्रभुद्वारा । आमेन ।

**अ**: ईशुको अति पवित्र हृदय

**सबै**: हामीलाई दया गर्नुहोस् ।

**अ**: मरियाको निष्कलंक हृदय

**सबै**: हाम्रो लागि विन्ती गर्नुहोस् ।

**अ**: सन्त जोसेफ

**सबै**: हाम्रो लागि विन्ती गर्नुहोस् ।

**अ**: सन्त जोहन धर्म प्रचारक

**सबै**: हाम्रो लागि विन्ती गर्नुहोस् ।

**अ**: सन्त लुइस मारी दे मन्ट्फोर्ट

**सबै**: हाम्रो लागि विन्ती गर्नुहोस् ।

पिता, पुत्र अनि पवित्र आत्मा........

# कतेना लेजियोनिस्

## (मरिया योद्धाका कवच मन्त्र)

**प्रतिगानः** को हुन ती, मिरमिरे विहानी जस्ती, चन्द्रमा झैं सुन्दरी, सूर्य झैं प्रकाशमान, युद्धका निम्ति सुसज्जित डरलाग्दा योद्धा जस्ती ?

## मरियाको स्तुतिगानः

मेरो आत्माले प्रभुको गुनगान गर्छ, *
मेरो अन्तस्करण हर्षले गद्गद् हुन्छ, परमेश्वर मेरो मुक्तिदातामा ।

उहाँले आफ्नी दासीको तुच्छता माथि निगाह राख्नुभएको छ । *

हेर, अब उप्रान्त मलाई धन्य भन्नेछन् पुस्ता पुस्ताले !

सर्वशक्तिमान्ले मेरो निम्ति महान् कार्य गरिदिनु भएको छ, *

पवित्र छ उहाँको नाम !
पुस्ता पुस्तासम्म रहनेछ उहाँको दया *
उहाँदेखि भय मान्नेहरुको निम्ति ।
आफ्नो बाहुबल देखाउनु भएकोछ उहाँले, *

भित्री हृदयमा अहङ्कारी भएकाहरुलाई छरप्ट पार्नुभएको छ,
शासकहरुलाई सिंहासनबाट तल झार्नुभएको छ, *
अनि तुच्छहरुलाई उच्च उठाउनुभएको छ ।

भोकाएकाहरुलाई असल बस्तुले तृप्त पारिदिनुभएको छ, *
धनीहरुलाई उहाँले रित्तै फर्काउनुभएको छ ।

उहाँले अब्राहाम र उनका सन्तानहरुप्रति *
सदासर्वदा दया देखाउँछु भन्ने प्रतिज्ञा,
हाम्रा पुर्खाहरुलाई दिनुभएको थियो;
त्यही दयाको प्रतिज्ञा मनमा लिएर *

आफ्ना सेवक इस्राएललाई सहायता गर्नुभएको छ ।

पिता, पुत्र अनि पवित्र आत्माको महिमा होस् जसरी आदिमा थियो अहिले छ अनि अनन्तसम्म हुनेछ । आमेन् ।

**प्रतिगान:** को हुन ती, मिरमिरे विहानी जस्ती, चन्द्रमा झैं सुन्दरी, सूर्य झैं प्रकाशमान, युद्धका निम्ति सुसज्जित डरलाग्दा योद्धा जस्ती ?

**अ:** हे निष्कलंक गर्भमा आएकी रानी ।
**सबै:** आएका छौं हामी तपाईंको शरणमा, हाम्रा निम्ति बिन्ती गरिदिनुहोस् ।

**हामी बिन्ती गरौं:** हे प्रभु इंशु, पितासामु हाम्रो मध्यस्थ तपाई, तपाईले नै आफ्नी मातालाई हाम्री पनि माता हुने अभिभारा दिई, तपाईसामु हाम्री मध्यस्थाको स्थान दिनु भएको छ। तपाईका अनुग्रह-कृपाका अपेक्षा गर्ने सबैले माताद्वारै ती प्राप्त गरी आनन्दित होऊन्। आमेन।

## अन्तिम प्रार्थना

पिता, पुत्र अनि पवित्र आत्माको नाउँमा।

हे परमेश्वरकी पवित्र माता, आएका छौं हामी तपाईको शरणमा, हाम्रो बिन्ती अस्वीकार नहोस्। हाम्रो खाँचोमा निगाह होस् अनि हर प्रकारको जौखिमदेखि हामीलाई बचाउनुहोस्, हे प्रतापमय कन्या मरिया।

**अ:** निष्कलंक मरिया सबै कृपाहरुकी मध्यस्था (वा आफ्नो प्रसिडियमको नाम)

**सबै:** हाम्रो लागि बिन्ती गर्नुहोस्।

**अ:** सन्त माईकल र सन्त गाब्रिएल।

**सबै:** हाम्रो लागि बिन्ती गर्नुहोस्।

**अ:** सबै स्वर्गीय शक्तिहरु र मरियाका स्वर्गीय सेनादल।

**सबै:** हाम्रो लागि बिन्ती गर्नुहोस्।

**अ:** सन्त जोहन बप्तिस्ता।

**सबै**: हाम्रो लागि बिन्ती गर्नुहोस् ।
**अ**: सन्त पिटर अनि सन्त पाउल ।
**सबै**: हाम्रो लागि बिन्ती गर्नुहोस् ।

हे प्रभु, मरियाको ध्वजा मुनि सेवा गर्न चाहने हामीमाथि दयाहोस्, प्रदान गर्नुहोस् हामीलाई विश्वको परिपूर्णता अनि मरियामा पूर्ण भरोसा, खीष्त-प्रेमले पोषित हाम्रो जियालो बिश्वासको सहयोगले चोखो-निस्वार्थ प्रेमद्वारा अरु-अन्य जनमा तपाईंलाई पाउने-देख्ने, सेवा गर्ने शक्ति-सामर्थ हामीलाई देओस् । आँटिलो विश्वास् बनोस् तपाईंको निम्ति, विश्व-मुक्तिको निम्ति महान कार्य गर्ने हाम्रो अस्त्र हाम्रो प्रेरणा, प्रेमको बन्धनले बाँधिएर, मरिया सेवा भक्तिका अग्निरुपी स्तम्भ बनी चिसिएकालाई ताप दिन मृत्युको अन्धकारमा रहेकालाई उकास्न, निर्जीव आत्मालाई जीवन दिन सकौं, बनोस् यो हाम्रो निम्ति पनि हाम्रो पथप्रदर्शक, यसरी हरेक जीऊ-आत्मालाई यस जीवन संग्रामपछि तपाईंको प्रेम र महिमाको राज्यमा डोऱ्याउन सकौं । आमेन ।

हामीदेखि बितेर गएका सबै मरिया-योद्धा साथै सबै विश्वासी मृत जनहरुले तपाईंको अनुग्रहद्वारा अनन्त शान्ति र चैनमा बास पाऊन् । आमेन ।

पिता, पुत्र अनि पवित्र आत्माको नाउँमा ।